कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, तुलसीपुर दाङबाट मिति २०८२/०९/०७ गतेका दिन घोराही उप-महानगरपालिकामा अवस्थित खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

**तपसिल : अनुगमन तथा निरीक्षण विवरण**

| क.सं | उद्योग/व्यवसायको नाम, ठेगाना | देखिएको कैफियत/अन्य विवरण | कारवाही/निर्देशन |
|---|---|---|---|
| १ | स्वर्गद्वारी घरेलु चकलेट एण्ड फुड उद्योग घोराही -६ दाङ | • खाद्य अनुमतिपत्र नलिई खाद्य बस्तु उत्पादन तथा बिक्री वितरण गरेको<br>• खाद्य बस्तु उत्पादन स्थल खाद्य स्वच्छताको दृष्टिकोणले उपयुक्त नरहेको। | • सहायक प्रमुख जिल्ला अधिकारी श्रीमान् सावित्रा पुन सहितको संयुक्त अनुगमन टोलीको रोहोवारमा उत्पादित खाद्य बस्तु मिठाई १५० डब्बा अर्को निर्णय नहुन्जेलको लागि बिक्री वितरण नगर्ने<br>• खाद्य बस्तु उत्पादनको लागि उपयुक्त संरचना बनाउने<br>• खाद्य अनुमती पत्र लिएर कार्यालयलाई जानकारी गराउने तथा खाद्य अनुमतिपत्र लिएर मात्र खाद्य बस्तु उत्पादन तथा बिक्री वितरण गर्ने। |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०९/११

<u>अनुगमनका केही झलकहरु</u>







